# साझा यातायातको विनियम, २०६१

(साझा यातायात सहकारी संस्था लि. को सम्बन्धमा व्यवस्था गर्न बनेको विनियम)

## प्रस्तावना

सहकारी सिद्धान्त अनुसार आफ्ना शेयर सदस्यहरूको आर्थिक, सामाजिक विकास गर्न र सडक यात्रुबस सेवा सञ्चालन गरी आम यात्रु वर्गलाई सस्तो, सुलभ र भरपर्दो यातायात सेवा नेपाल अधिराज्यभर र नेपाल अधिराज्य बाहिर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सञ्चालन गर्न वाञ्छनीय भएकोले सहकारी ऐन २०४८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यस साझा यातायात सहकारी संस्था लि. को मिति २०६१/०७/२२ मा बसेको साधारण सभाले पारित गरी रजिस्ट्रारको स्वीकृतिबाट साझा यातायात विनियम २०६१ बनाइ लागु गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

१. यस विनियमको नाम 'साझा यातायातको विनियम, २०६१' रहेको छ।

२. यो विनियम रजिस्ट्रारद्वारा स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **नाम र ठेगाना**

१. यस संस्थाको नाम 'साझा यातायात सहकारी संस्था लि.' रहेको छ र छोटकरीमा यसलाई 'साझा यातायात' भनिने छ।

२. यो संस्थाको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, नेपालमा रहने छ। तोकिएको ठेगानामा कुनै कारणवश परिवर्तन हुन गएमा सोको जानकारी ७ दिनभित्र सहकारी विभागको रजिष्ट्रारलाई दिइने छ।

३. **कार्यक्षेत्र**

यस संस्थाको कार्यक्षेत्र नेपाल अधिराज्यभर हुनेछ। साथै देशको प्रचलित ऐन, नियमको परिधिभित्र रही संस्थाको सेवा विस्तारका लागि रजिस्ट्रारको स्वीकृति लिई आवश्यकता अनुसार नेपाल बाहिर पनि शाखा खोली सेवा विस्तार गर्न सकिने छ।

४. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा–

(क) 'संस्था' भन्नाले साझा यातायात सहकारी संस्था लि. सम्झनु पर्दछ।

(ख) 'ऐन' भन्नाले सहकारी ऐन, २०७४ सम्झनुपर्दछ।#

(ग) 'नियमावली' भन्नाले सहकारी नियमावली, २०७५ सम्झनुपर्नेछ।#

(घ) 'विनियम' भन्नाले यस साझा यातायात सहकारी संस्था लि. को विनियम, २०६१ सम्झनु पर्दछ।

(ङ) 'साधारण सभा' भन्नाले संस्थाको वार्षिक साधारण सभा र विशेष साधारण सभा समेत सम्झनु पर्दछ।

---

# १३औं साधारण सभाद्वारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

(च) 'समिति' भन्नाले यस विनियमबमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनु पर्दछ ।

(छ) 'अध्यक्ष' भन्नाले सञ्चालक समितिको अध्यक्षलाई जनाउँदछ ।

(ज) 'सञ्चालक' भन्नाले सञ्चालक समितिको सदस्यलाई जनाउँदछ ।

(झ) 'उपसमिति' भन्नाले संस्थाद्वारा यस विनियमबमोजिम कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरेको उपसमितिलाई सम्झनु पर्दछ ।

(ञ) 'सदस्य' भन्नाले यस विनियम बमोजिम संस्थाको शेयर खरिद गरी सदस्यता प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायलाई सम्झनु पर्दछ ।

(ट) 'शेयर' भन्नाले संस्थाको शेयर पुँजीको विभाजित अंशलाई जनाउँदछ ।

(ठ) 'शेयर प्रमाणपत्र' भन्नाले शेयर किन्ने व्यक्ति, संस्था वा निकायलाई संस्थाबाट दिइएको निस्सालाई सम्झनुपर्दछ ।

(ड) 'रजिस्ट्रार' भन्नाले सहकारी विभागको रजिस्ट्रारलाई जनाउँदछ ।

(ढ) 'प्रमुख कार्यकारी अधिकृत' भन्नाले साझा यातायातको विनियम बमोजिम कार्यरत प्रमुख कार्यकारी अधिकृत वा सञ्चालक समितिले तोकेको पदाधिकारी सम्झनु पर्दछ ।

ण) मन्त्रालय भन्नाले सहकारी सम्बन्धी बिषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्दछ । #

(त) सम्बन्धित मन्त्रालय भन्नाले यातायात सम्बन्धी बिषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्दछ । #

## परिच्छेद– २

### ५. उद्देश्य

यस संस्थाको उद्देश्यहरू निम्न अनुसार हुने छन्–

(क) सर्वसाधारण जनतालाई सरल र भरपर्दो यातायात सुविधा दिन यातायात सेवा सञ्चालन गर्ने ।

(ख) सदस्यहरूमा स्वावलम्बन, पारस्परिक सहयोग र मितव्ययिताको भावना जगाउने ।

(ग) सदस्यहरूको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुऱ्याउने ।

(घ) यातायातको क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा कायम गराउन प्रयत्नशील रहने ।

(ङ) यातायात सेवासँग सम्बन्धित जनशक्ति तालिम प्रशिक्षणको कार्य गर्ने ।

(च) सवारी साधनको लागि आवश्यक स्तरयुक्त पार्टपुर्जा उपलब्ध गराउने ।

(छ) प्रदूषण-रहित यातायात सेवा सञ्चालनको लागि आवश्यक अनुसन्धान, विश्लेषण तथा प्रचार प्रसार गर्ने ।

(ज) संस्थाको चल अचल सम्पत्तिलाई व्यावसायिक तथा व्यापारिक ढङ्गबाट परिचालन गर्ने गराउने ।

(झ) संस्थाले रजिस्ट्रारको स्वीकृति लिइ उद्यमी व्यक्ति, सङ्घ, संस्था लगायत नेपाल सरकारसँग मिली संयुक्त लगानीमा संस्थाको हितमा कार्य गर्ने ।*

### ६. कार्य

संस्थाको विनियममा उल्लेखित उद्देश्य प्राप्त गर्न निम्न कार्य गरिने छ–

(क) विनियम ३ मा उल्लेखित कार्यक्षेत्रका विभिन्न स्थानमा सर्वसाधारण जनतालाई आरामदायी, सरल र भरपर्दो यातायात सुविधा उपलब्ध गराउने ।

---

* छैठो साधारण सभाद्वारा संशोधित

\# १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

(ख) काठमाडौँ उपत्यकामा सहरी यातायात व्यवस्था सम्बन्धी योजना अन्तर्गत सर्वसाधारण जनतालाई आरामदायी सरल सुलभ भरपर्दो यातायात सुविधा उपलब्ध गराउने र देशको अन्य सहरी क्षेत्रमा पनि विस्तारै यस प्रकारको कार्य गर्दै जाने।

(ग) प्रदुषण रहित यातायात सेवा सञ्चालन गरी यात्रुहरूलाई सुविधा प्रदान गर्ने।

(घ) यातायात सुविधाको लागि आवश्यकता अनुसार सवारी साधनहरू खरिद गर्ने, विदेशबाट आयात गर्ने वा भाडामा लिने दिने।

(ङ) सवारी साधनहरूको मर्मत सम्भार गर्न यन्त्रशाला (कार्यशाला) स्थापना गरी आफ्नो तथा सरकारी निकाय एवं सर्वसाधारणको सवारी साधनहरू सरल र सुपथ तरिकाले मर्मत सम्भार गरी भरपर्दो सेवा उपलब्ध गराउने।

(च) यातायातका साधनहरूको लागि आवश्यक पर्ने विभिन्न पार्टपुर्जा, मेसिनरी औजार एवं अन्य आवश्यक पर्ने सामानहरू आयात गरी सरल र सुपथ मूल्यमा सर्वसाधारणलाई समेत उपलब्ध गराउने।

(छ) आवश्यकता अनुसार देशको विभिन्न भागमा डाँकसेवा ढुवानी सम्बन्धी कार्य गर्ने एवं पार्सल तथा कुरियर सेवा समेत सञ्चालन गर्ने।

(ज) बस बडी निर्माण गर्ने उद्देश्यले कारखाना खोल्ने।

(झ) चालकको क्षमतामा अभिवृद्धि गर्नका लागि चालक प्रशिक्षण केन्द्र स्थापना गर्ने।

(ञ) संस्था एवं सदस्यहरूको हितका लागि संस्थाको कार्यप्रकृतिसँग मेल खाने आवश्यक अन्य कार्य समेत गर्ने।

(ट) संस्थाको नाममा रहेको अचल सम्पत्तिको व्यापारिक तथा व्यावसायिक उपयोगका लागि लिजमा दिने, भाडामा लगाउने, सो स्थानमा व्यापारिक भवनहरू निर्माण गर्ने, गर्न दिने।

(ठ) संस्थाको हितमा व्यवसायमूलक अन्य कार्यहरू गर्ने।

(ड) संस्थाको उद्देश्यअनुरूप उद्यमी व्यक्ति, उद्योग, सङ्घ, संस्थालगायत नेपाल सरकार वा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायिक निकायसँग मिली संयुक्त लगानीमा उद्योग, व्यवसाय आदि सञ्चालन गर्ने।*

## ७. <u>सङ्गठित संस्था</u>

१. यो संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

२. संस्थाको सबै कामको निमित्त अनुसूची-१ बमोजिमको ढाँचामा आफ्नो एउटा छुट्टै छाप हुने छ। सो छाप सञ्चालक समितिद्वारा अधिकार प्राप्त अधिकारीको जिम्मामा रहने छ।

३. संस्थाले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ।

४. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ।

५. संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।#

---

* छैठो साधारण सभाद्वारा संशोधित

# १३औं साधारण सभाद्वारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

## परिच्छेद– ३
## सदस्यता

८. **सदस्यता**

देहायका व्यक्ति वा संस्थाहरू यस संस्थाको विनियमबमोजिम सदस्य हुन सक्ने छन्–

(क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरू,

(ख) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेका ऐनको दफा २३ बमोजिम बिक्री भएको शेयर खरिद गरी संस्थाको सेवा प्राप्त गर्न चाहने, सदस्यताको जिम्मेवारी वहन गर्न स्वीकार गर्ने र विनियममा उल्लेखित शर्तहरू पूरा गर्ने व्यक्तिहरू,

(ग) संस्थासँग आर्थिक कारोबार भएका वित्तीय संस्थाहरू,

(घ) नेपाल सरकार तथा नेपाल सरकारको स्वामित्व भएका निकायहरू,

(ङ) नेपाल सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सदस्यता प्राप्त विदेशी सहकारी सङ्घ/संस्थाहरू ।*

(च) सहकारी ऐन बमोजिम स्थापित भएका विभिन्न सङ्घ, संस्थाहरू । **

(छ) स्थानिय तह/निकाय तथा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ/संस्थाहरु #

९. **सदस्यताको लागि योग्यता**

१. संस्थाको सदस्य हुनका लागि देहायको योग्यता पुगेको हुनुपर्ने छ–

(क) नेपाली नागरिक,

(ख) १६ वर्ष उमेर पूरा भएको,#

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

(ङ) संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरेको,

(च) प्रचलित ऐनले योग्य ठहरिएको,

(छ) दामासाहीमा नपरेको,

(ज) विनियमको नियम पालन गर्न मन्जुर भएको ।

२. संस्थाको सदस्यता लिन निर्धारित प्रवेश शुल्क र खरिद गर्ने शेयरको रकम संलग्न गरी सञ्चालक समिति समक्ष निवेदन दिनुपर्दछ । त्यस्तो निवेदन पर्न आएपछि समितिले संस्थाको सदस्यता दिने वा नदिने निर्णय गर्नेछ । समितिले सदस्यता नदिने निर्णय गरेमा त्यसपछि बस्ने प्रथम साधारण सभासमक्ष पुनरावेदन दिन सकिनेछ र यस सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुने छ । तर राजीनामा दिइ संस्थाको सदस्यता समाप्त भएको सदस्यले पुन: सदस्यता प्राप्त गर्न चाहेमा संस्थाको सदस्यता समाप्त भएको मितिले एक वर्षपछि मात्र सदस्यताको लागि निवेदन दिन सक्नेछ ।

(३) बिनियम ९(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन । #

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन । #

---

* छैंठो साधारण सभाद्धारा संशोधित

** सातौं साधारण सभाद्धारा संशोधित

# १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

१०. **प्रवेश शुल्क**

(१) संस्थाको सदस्यता लिनको लागि प्रवेश शुल्क रु. ५००/–(रुपियाँ पाँच सय) बुझाउनुपर्ने छ। #

(२) उपबिनियम (१) बमोजिमको रकम कुनै अवस्थामा पनि फिर्ता हुने छैन। #

११. **सदस्यताको अन्त्य**

१) देहायको अवस्थामा संस्थाको सदस्यता अन्त्य भएको मानिने छ–

(क) तोकिएको अवधिभित्र आफूले लिन मन्जुर गरेको शेयरको पूरा रकम चुक्ता नगरेमा,

(ख) मृत्यु भएमा,

(ग) मगज बिग्रिएको प्रमाणित भएमा,

(घ) राजीनामा स्वीकृत भएमा,

(ङ) आफुले खरिद गरेको सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा फिर्ता लिएमा,

(च) सदस्यताबाट निष्कासन भएमा,

(छ) विनियम ८ बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ज) विघटन भएमा,

(झ) अद्यावधिक गर्न संस्थाले जारी गरेको समयभित्र सदस्य अद्यावधिक नगराएमा।

ञ) लगातार बार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा, ##

ट) प्रचलित कानून बमोजिम सदस्यताको अन्त्य हुने अन्य अबस्था भएमा, ##

२) यस बिनियममा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन। ##

(३) यस विनियममा जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन। ##

१२. **सदस्यताबाट राजीनामा**

१. कुनै सदस्यले स्वेच्छाले सदस्यता छाड्न चाहेमा समिति समक्ष राजीनामा पेस गर्न सक्ने छ। यसरी राजीनामा दिँदा आर्थिक वर्षको नवौं महिनाभित्र समितिमा प्राप्त हुने गरी पेस गर्नुपर्ने छ। यस्तो राजीनामा चालू आर्थिक वर्षको अन्तिम दिनको भोलिपल्ट देखि लागू हुने गरी स्वीकृत गर्न सकिनेछ।

तर सदस्यता छाड्न चाहने सदस्यले संस्थाको बाँकी बक्यौता तिर्न बाँकी भएमा वा त्यस्तो कुनै सदस्यको जमानत बसेको भए बाँकी बक्यौता चुक्ता नभई राजीनामा स्वीकृत हुने छैन।

२. संस्थाको कुल शेयर पुँजीको १५ प्रतिशतभन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा राजीनामा दिने मितिले कम्तीमा १२ महिना अगावै लिखित सूचना दिनुपर्ने छ।

---

** सातौं साधारण सभाद्धारा संशोधित

# दशौं साधारण सभाद्धारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

## १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

१३. **सदस्यताबाट निष्कासन**

सदस्यताबाट निष्कासन समितिको विस्तृत छानबिनपछि पनि कुनै सदस्यले निम्न कामकारबाही गरेको पाइएमा त्यस्तो सदस्यलाई समितिको कुल सदस्य सङ्ख्याको बहुमतले निष्कासन गर्न सक्ने छ–#

(क) संस्थाको उद्देश्य विपरीत हुने गरी जानाजानी कुनै कार्य गरेमा, वा

(ख) संस्थाको आर्थिक अवस्था कमजोर हुने काम गरेमा, वा

(ग) संस्थाको रकम हिनामिना गरेमा, वा

(घ) संस्थाको हितविरुद्ध कुनै कार्य गरेको ठहरेमा, वा

(ङ) यस विनियममा भएका व्यवस्था र विनियमको उद्देश्यविरुद्ध कार्य गरेमा।

तर निष्कासन गर्नुअघि समितिले सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोपसम्बन्धमा स्पष्टीकरण दिन र आरोपको खण्डन गर्न एवं आवश्यक प्रमाण कागजात आदि प्रस्तुत गर्न कम्तीमा ३५ दिनको सूचनासहित मौका दिनुपर्दछ। छानविनको क्रममा समितिको कुल सदस्य सख्याको कम्तीमा दुईतिहाइ बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षको लागि बन्देज लगाउन सक्ने छ। समितिको निर्णयमा चित्त नबुझ्ने सदस्यले आगामी हुने साधारण सभामा पुनरावेदन पेस गर्न सक्ने छ। यससम्बन्धमा साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुने छ।

## परिच्छेद– ४

१४. **कोषको व्यवस्था**

१. संस्थाको कोष देहायबमोजिमका स्रोतहरूबाट खडा गरिने छ–

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) प्रवेश शुल्क,

(ग) वित्तीय निकायबाट प्राप्त हुने ऋण,

(घ) सदस्य र अन्य स्रोतबाट प्राप्त हुने ऋण,

(ङ) कारोबारबाट प्राप्त हुने बचत,

(च) दानदातव्य

(छ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त अनुदान रकम,#

(ज) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट प्राप्त रकम,

(झ) अन्य विविध स्रोतबाट प्राप्त रकम।

२. संस्थाले विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट ऋण तथा अनुदान रकम प्राप्त गर्नुअघि नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्ने छ।*

३. उपविनियम (१) बमोजिम संस्थालाई प्राप्त हुने सबै रकम समितिले तोकेको कुनै बैङ्कमा संस्थाको नाममा खाता खोली जम्मा गरिनेछ।

४. उपविनियम (१) बमोजिमको कोषको खाताको सञ्चालन समितिले तोकेको व्यक्ति र प्रमुख कार्यकारी अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

१५. **शेयर पुँजी**

१. यस संस्थाको अधिकृत पुँजी आवश्यकता अनुसार समय समयमा साधारण सभाले तोके बमोजिम हुने छ।

२. प्रतिशेयर मूल्य रु. १००।- (एक सय) हुनेछ।

---

* छैंठो साधारण सभाद्धारा संशोधित

\# १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

३. शेयर बापतको पूरा रकम सदस्यताको लागि दिएको निवेदन स्वीकृत हुना साथ तिर्नुपर्ने छ ।

४. कुनै पनि व्यक्तिले कुल शेयर पुँजीको २० प्रतिशतभन्दा बढी शेयर खरिद गर्न सक्ने छैन तर यो बन्देज नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको स्वामित्वमा रहेको संस्था वा निकायलाई लागू हुने छैन । #

१६. **शेयर प्रमाणपत्र**

सदस्यहरूले कबुल गरेको शेयरको सम्पूर्ण रकम चुक्ता भएपछि खरिद गरेको शेयर सङ्ख्या र मूल्य उल्लेख गरी संस्थाको छाप लागेको अनुसूची-२ बमोजिमको ढाँचामा शेयर प्रमाणपत्र दिइने छ । शेयर प्रमाणपत्र हराए वा च्यातिए वा नासिएमा रु. १०० ।- (एक सय) लिई अर्को प्रमाणपत्र दिइने छ ।

१७. **शेयर हस्तान्तरण, शेयर रकम फिर्ता**

१. कुनै सदस्यले आफूले लिएको आंशिक वा पूरै शेयर हस्तान्तरण गर्न चाहेमा संस्थाको सदस्य बन्न योग्यता पुगेका कुनै व्यक्तिलाई हस्तान्तरण गर्न सक्नेछ । तर यस्तो हस्तान्तरण समितिले स्वीकृत गरेपछि मात्र मान्य हुनेछ ।

२. कुनै सदस्यको राजीनामा स्वीकृत भएमा वा विनियममा व्यवस्था भए अनुसार निष्कासित भई सदस्यता कायम नरहेमा यस्ता सदस्यहरूको शेयरको रकम सो आर्थिक वर्षको हिसाबको लेखापरीक्षण पश्चात्को नाफा-नोक्सानको हिसाब अनुरूप निजले बेहोर्नुपर्ने दायित्व वा पाउने लाभ हिसाब गरी फिर्ता गरिनेछ । तर सदस्यता प्राप्त गरेको एक वर्ष नहुँदै सदस्यता अन्त्य भएका सदस्यहरूको शेयरको रकम फिर्ता हुने छैन र यस्तो सदस्यको शेयर निजले इच्छाएको व्यक्तिलाई हस्तान्तरण मात्र गर्न सकिने छ ।

## परिच्छेद– ५
### दायित्व

१८. **दायित्व सीमित**

आफूले लिएको शेयरसम्म मात्र सदस्यहरूको दायित्व सीमित हुनेछ ।

१९. **हकवालाको मनोनयन**

१. कुनै पनि सदस्यले आफ्नो शेषपछि हकवाला मनोनीत गर्न सक्ने छ । हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना साक्षीको रोहबरमा लिखत तयार गरी गर्नुपर्ने छ र त्यस्तो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरूले सहीछाप समेत गरेको हुनुपर्ने छ ।

२. हकवाला मनोनीत गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनीत गर्न सक्नेछ ।

३. एकभन्दा बढी व्यक्तिहरूलाई हकवाला मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्टरूपले लिखतमा खुलाउनुपर्ने छ ।

---

# १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

## २०. हकदाबी वा नामसारी

१. कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले विनियम १८ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानुनबमोजिमको हकवालाको नाममा नामसारी गरिने छ ।
तर त्यस्तो हकवालामा सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा, सदस्यको मृत्यु भएको मितिले ६ महिनाभित्र सदस्यताका लागि योग्य अरू कुनै हकवालाको नाममा नामसारी गरिपाऊँ भनी दरखास्त दिन सक्ने छ र त्यस्तोमा सो हकवालाको नाममा रीत पुऱ्याई नामसारी गरिने छ ।

२. उपविनियम (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा निजले पाउने शेयर रकम त्यस्तो हकवालालाई फिर्ता दिइने छ ।

३. उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत सदस्यको हकवाला नाबालक रहेछ वा निजको मानसिक सन्तुलन ठीक रहेन छ भने मृत सदस्यले पाउने शेयर रकम कम्तीमा दुई जना साक्षीको रोहबरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता दिइनेछ ।

# परिच्छेद– ६
# साधारण सभा

## २१. वार्षिक साधारण सभा

१. संस्थाको शेयर खरिद गर्ने सम्पूर्ण सदस्यहरूको एक साधारण सभा हुने छ ।

२. प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनुपर्ने छ ।

३. उपविनियम (२) बमोजिम वार्षिक साधारण सभा नबोलाइएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन रजिस्ट्रार समक्ष निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि उपविनियम (२) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र रजिस्ट्रारले वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्ने छ ।

४. उपविनियम (२) र (३) बमोजिम वार्षिक साधारण सभा बोलाउँदा सभा हुने स्थान, मिति र समय खुलाई १५ दिनअगावै सम्बन्धित सदस्यहरूलाई सूचना दिनुपर्ने छ ।

५. संस्थाको साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत हुनेछ । #

६. विनियम संशोधन गर्न बस्ने साधारण सभाको गणपूरक सङ्ख्या कुल सदस्य सङ्ख्याको ५१ प्रतिशत हुनुपर्ने छ ।

७. उपविनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभा सञ्चालनको लागि पहिलोपटक गणपूरक सङ्ख्या नपुगी दोस्रोपटक सभा बोलाउन परेको अवस्थामा कम्तीमा ७ दिनको अर्को सूचना दिनुपर्ने छ र त्यसरी दोस्रो पटक बोलाइएको सभाको गणपूरक सङ्ख्या कुल सदस्यसङ्ख्याको १५ प्रतिशत वा ११ जनामध्ये जुन बढी हुन्छ सोही हुने छ ।

८. वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्ने छ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

९. वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेस गर्नुपर्ने छ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूले 'एक व्यक्ति एक मत' को आधारमा दिएको मतको बहुमतबाट पारित हुनेछ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिने छ ।

---

# १३औं साधारण सभाद्वारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

२२. **विशेष साधारण सभा**

१. देहाय बमोजिमको अवस्थामा १५ दिन अगावै लिखित सूचना दिई समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ–

(क) संस्थाको हिसाब किताब जाँच गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यसको कारण समेत खोली लेखापरीक्षकले समितिसमक्ष लिखित अनुरोध गरेमा, वा

(ख) यस विनियम बमोजिम गठन भएको लेखा सुपरिवेक्षण समितिले कुनै विशेष कामको लागि विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा, त्यसको कारणसमेत खोली समितिसमक्ष लिखित अनुरोध गरेमा, वा*

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन आवश्यक छ भनी कारण खोली समितिसमक्ष पेस गरेको प्रस्ताव समितिद्वारा पारित भएमा, वा

(घ) संस्थाको कुल सदस्य सङ्ख्याको कम्तीमा दस प्रतिशत वा दस जनामध्ये जुन बढी हुन्छ त्यति सदस्यले विशेष साधारण सभा बोलाउनुपर्ने कारण खुलाई निवेदन दिएमा ।

२. विशेष साधारण सभाको गणपूरक सङ्ख्या कुल सदस्य सङ्ख्याको १५ प्रतिशत वा ११ जनामा जुन बढी हुन्छ सोही हुनेछ ।

३. विशेष साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

४. विशेष साधारण सभामा पेस गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेस गर्नुपर्ने छ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूले 'एक व्यक्ति एक मत' को आधारमा दिएको मतको बहुमतबाट निर्णय गरिने छ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिने छ ।

२३. **साधारण सभाको काम, कर्तव्य र अधिकार**

१. साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) सञ्चालक समितिले तयार गरी पेस गरेको वासलात सहितको प्रतिवेदन छलफल गरी स्वीकृत गर्ने र कार्यक्रम अनुसार प्रगति भए-नभएको समीक्षा गरी आवश्यक भए निर्देशन समेत दिने,

(ख) यस विनियमबमोजिम सञ्चालक समितिका सदस्यहरूको र लेखा सुपरिवेक्षण समितिको संयोजक र सदस्यहरूको निर्वाचन गर्ने वा ऐन, नियमावली अनुरूप निजहरूलाई हटाउने,*

(ग) ऐन, नियमावली एवं विनियम अनुसार समितिको सिफारिसमा लाभांश वितरण गर्ने र कर्मचारीहरूलाई बोनस दिन स्वीकृति दिने,

(घ) अधिकृत पुँजी तोक्ने,

(ङ) ऐन, नियमावलीको परिधिभित्र रही विनियम बनाउने तथा संशोधन गर्ने,

(च) हिसाब किताब र मिनाहा सम्बन्धमा समितिद्वारा प्रस्तुत प्रस्ताव उपर निर्णय दिने,

(छ) सदस्य निष्कासन वा संस्थाको सदस्यता नदिने सम्बन्धमा समितिले गरेको निर्णय उपर विचार गरी पुन: निर्णय गर्ने,

(ज) अध्यक्षले प्रस्तुत गरेको विषयमाथि छलफल गरी निर्णय गर्ने,

(झ) लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक एवं सुविधा तोक्ने विषयमा निर्णय दिने वा निर्णय गर्ने अधिकार समितिलाई दिने,

(ञ) ऐन, नियमावलीको परिधिभित्र रही संस्थाको विभाजन वा अन्य संस्था वा सङ्घसँग एकीकरण वा विघटनसम्बन्धी निर्णय गर्ने,

---

* छैठौं साधारण सभाद्वारा संशोधित

(ट) शेयरको मूल्य घटाउने वा बढाउने,

(ठ) संस्थाको कार्य सुचारु रूपले सञ्चालन गर्न आवश्यक पर्ने विनियमअन्तर्गतको अधिकार समितिलाई प्रत्यायोजन गर्ने,

(ड) संस्थाले लिनदिन सक्ने अधिकतम ऋण र धरौटी वा धितोको सीमा तोक्ने,

(ढ) लेखापरीक्षकद्वारा प्रस्तुत वार्षिक हिसाब जाँच प्रतिवेदन स्वीकृत गर्ने वा अर्को लेखा परीक्षकद्वारा जाँचबुझ वा पुनः हिसाबजाँच गराउने,

(ण) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदनउपर छलफल गरी अनुमोदन गर्ने वा निर्देशन दिने,*

(त) ऐन, नियमावली एवं विनियमको अधीनमा रही अन्य आवश्यकीय कार्यहरू गर्ने, गराउने।

२. साधारण सभाको निर्णयहरूको अभिलेख अध्यक्षद्वारा प्रमाणित गराई सुरक्षित राख्नुपर्ने छ।

## परिच्छेद– ७
## सञ्चालक समिति

२४. **सञ्चालक समितिको गठन :** -

१) संस्था सञ्चालनका लागि देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछ :- #

(क) साधारण सभाबाट निर्वाचित व्यक्ति – अध्यक्ष #

(ख) सहसचिव, मन्त्रालय – सदस्य #

(ग) सहसचिव, अर्थ मन्त्रालय – सदस्य #

(घ) सम्बन्धित विषयगत मन्त्रालयको सहसचिव - सदस्य #

(ङ) नेपाल सरकारले तोकेको एक व्यक्ति - सदस्य #

(च) राष्ट्रिय सहकारी विकास बोर्डको प्रतिनिधि वा संस्थाको शेयर खरिद गरेका स्थानीय तहहरुमध्येबाट एक जना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित द्वितिय श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य #

(छ) साधारण सभाबाट निर्वाचित कम्तीमा १ जना महिला सहित तीन जना - सदस्य #

२. निर्वाचित तथा मनोनीत सञ्चालकको पदावधि ४ (चार) वर्षको हुने छ।*

३. निर्वाचित सञ्चालकहरूको कार्यावधि समाप्त भएपछि ऐनबमोजिम तोकिएको अवधिभित्र सञ्चालकहरूको निर्वाचन गर्नुपर्ने छ।

४. उपविनियम (३) बमोजिमको समयभित्र समितिले निर्वाचन नगराएमा कुनै पनि सदस्यले सोको जानकारी रजिस्ट्रारलाई गराउन सक्नेछ।

५. उपविनियम (४) बमोजिमको जानकारी प्राप्त भएमा सञ्चालकको कार्यावधि समाप्त भएको मितिले ६ महिनाभित्र रजिस्ट्रारले सञ्चालकको निर्वाचन गराउनुपर्ने छ।*

६. उपविनियम (३) वा (४) बमोजिम नयाँ सञ्चालकको निर्वाचन नभएसम्म वा यो विनियम बमोजिम सञ्चालक समितिको निर्वाचन नभएसम्मको लागि यो विनियम लागू हुँदाको बखत रहेको साबिककै सञ्चालक समितिले विनियममा व्यवस्था भएबमोजिम कार्यसञ्चालन गर्न सक्नेछ।

७. संस्थाको प्रमुख कार्यकारी अधिकृतले उपविनियम (१) बमोजिमको सञ्चालक समितिको सचिवको कार्य गर्नेछ।**

---

* छैंठो साधारण सभाद्धारा संशोधित

** सातौं साधारण सभाद्धारा संशोधित

# दशौं साधारण सभाद्धारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

२५. **सञ्चालक समितिको निर्वाचन**

१. मनोनीत वा पदेन हुनेबाहेकका समितिका सदस्यहरूको निर्वाचन साधारण सभाबाट 'एक व्यक्ति एक मत' को आधारमा गोप्य मतदानद्वारा हुने छ । *

२. सञ्चालकको निर्वाचन समितिले तोकिएको निर्वाचन समितिद्वारा हुनेछ ।

३. निर्वाचनका लागि समितिले आवश्यक निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

२६. **सञ्चालक समितिको सदस्य पदमा उम्मेदवार हुन नसक्ने अवस्था**

(१) देहायको अवस्थामा समितिको कुनै पनि सदस्य सञ्चालकको पदमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन–

(क) सदस्यको हकमा २५ वर्ष उमेर पूरा नभएको,

(ख) मगज ठीक नभएको,

(ग) टाट पल्टेको,

(घ) संस्थाको बाँकी बक्यौता रहेको,

(ङ) संस्थाको सम्पत्ति हिनामिना गरेको,

(च) तोकिएको पूरै शेयर रकम चुक्ता नगरेको,

(छ) संस्थाको ठेक्कापट्टा वा कुनै कारोबारमा निजी स्वार्थ भएको,

(ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको,

(झ) संस्थाको अहित हुने कुनै काम गरेको प्रमाणित भएको,

(ञ) संस्थाको विनियम बारम्बार उल्लङ्घन गरेको,

(ट) ऐन, नियमावली एवं विनियममा उल्लेख भएबमोजिम सञ्चालक पदमा निर्वाचित वा मनोनयन हुन नसक्ने अवस्था भएको, *

(ठ) यस संस्थाको शेयर खरिद गरी संस्थाको सदस्य प्राप्त गरेका नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह वा तथा सो अन्तर्यतका निकायहरु र पदेन तथा मनोनितको हकमा यो व्यबस्था लागु हुने छैन । #

२७. **सञ्चालक समितिको पदमा बहाल रहन नसक्ने अवस्था**

१. देहायको अवस्थामा समितिको कुनै पदाधिकारी सञ्चालकको पदमा बहाल रहन सक्ने छैन–

(क) विनियम (२६) बमोजिम सञ्चालकको पदमा निर्वाचन वा मनोनयन हुन नसक्ने अवस्था भएमा, *

(ख) निर्वाचित सञ्चालकको हकमा सञ्चालकले अध्यक्ष समक्ष लिखित राजीनामा पेस गरी स्वीकृत भएमा,

(ग) निर्वाचित सञ्चालकहरूलाई साधारण सभाको बहुमतले मनासिब कारण देखाई हटाउने निर्णय गरेमा,

(घ) मृत्यु भएमा,

(ङ) बिनासूचना तीन पटकसम्म समितिको नियमित बैठकमा अनुपस्थित रहेमा,

(च) संस्थागत रूपमा प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा निजहरूले प्रतिनिधित्व गरेको संस्थाले निजलाई हटाएमा ।

---

* छैठो साधारण सभाद्धारा संशोधित

\# १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

(छ) यस बिनियमको प्रतिकुल हुने कार्य गरे गराएमा वा संस्थाको हित विरुद्ध कुनै पनि संचार माध्यममा अभिव्यक्ति दिएमा, दिन लगाएमा वा पदमा बहाली रहँदाको बखत संस्थाका बिरुद्ध कुनै पनि निकायमा उजुरी गरेमा, गर्न लगाएमा ##

(ज) संस्थाको हित बिरुद्ध अन्य काम कारबाही गरेको पाइएमा । ##

(ञ) ऐनमा उल्लिखित अन्य अबस्था बिद्यमान भएमा ##

(छ) यस विनियमको प्रतिकुल हुने कार्य गरे गराएमा वा संस्थाको हित विरुद्ध कुनै पनि सञ्चार माध्यममा अभिव्यक्ति दिएमा, दिन लगाएमा वा पदमा वहाली रहंदाका बखत संस्थाका विरुद्ध कुनै पनि निकायमा उजुर गरेमा, गर्न लगाएमा, #

(ज) संस्थाको हित विरुद्ध अनय काम कारवाहि गरेको पाईएमा, #

२८. **सञ्चालक समितिको बैठक**

देहायको प्रक्रियाअनुसार समितिको बैठक हुने छ–

(क) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ । तर दुई बैठक विचको अवधि पैंतालिस दिनभन्दा बढि हुनु हुँदैन । ##

(ख) समितिको बैठकका लागि गणपूरक सङ्ख्या कम्तीमा ५१ प्रतिशत हुनुपर्ने छ ।

(ग) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुने छ, तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(घ) समितिको बैठकमा भएका निर्णयहरू छुट्टै निर्णय किताब (माइन्युट बुक) मा लेखी अध्यक्षद्वारा प्रमाणित गराई राख्नुपर्ने छ ।

(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सञ्चालकहरू मध्येबाट छानिएको सञ्चालकले बैठकको अध्यक्षता गर्ने छ ।

(च) समितिका सदस्यमध्ये एकतिहाइ सदस्यहरूले लिखित अनुरोध गरेमा अध्यक्षले एकहप्ताको पूर्व सूचना दिई आकस्मिक बैठक बोलाउन सक्छ ।

२९. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) संस्थाको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ख) साधारण सभा बोलाउने एवं साधारण सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,

(ग) संस्थाको कार्यप्रगतिको मूल्याङ्कन गर्ने र परिआएका समस्या समाधान गर्ने,

(घ) आम्दानी-खर्चको हिसाब र कागजपत्रहरू ठीक तथा दुरुस्त राख्न लगाउने,

(ङ) शेयर उठाउने एवं शेयरको नामसारी गर्ने,

(च) समितिका पदाधिकारीहरूको विनियम २७.१ (ख) बमोजिम राजीनामा स्वीकृत गर्ने,

---

* छैंठो साधारण सभाद्धारा संशोधित

** सातौं साधारण सभाद्धारा संशोधित

# दशौं साधारण सभाद्धारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

## १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

(छ) कर्मचारीहरूको दक्षता एवं सीप विकास गर्न विभिन्न तालिम सञ्चालन गर्ने-गराउने,

(ज) हिसाब जाँचमा लेखापरीक्षकले देखाएका कुराहरूसमेत विचार गरी आफ्नो राय ठहरसाथ साधारण सभामा पेस गर्ने,

(झ) संस्थाको कारोबार वार्षिक कार्यक्रम तथा बजेटभित्र रही गर्ने, दरभाउ तोक्ने र यस्तो कारोबार चलाउन आवश्यक कारबाही गर्ने,

(ञ) संस्थाको दैनिक कार्यसञ्चालन गर्न कर्मचारी नियुक्ति गर्ने, शाखा, उपशाखा, कार्यालयको स्थापना गर्ने र कर्मचारी सेवासर्त, पदोन्नति, निलम्बन, बर्खास्त तथा सेवा र सजायसम्बन्धी कर्मचारी प्रशासन, आर्थिक कारोबार सञ्चालन गर्न आर्थिक प्रशासन तथा अन्य आवश्यक नियमावली, कार्यबिधी तर्जुमा गरी तथा आवश्यकताअनुरूप संशोधन गरी साधारण सभा समक्ष पेश गर्ने, #

(ट) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनमा देखाइएको कैफियत सुधार गर्ने-गराउने, *

(ठ) ठेक्का लिने, दिने, कर्जा लिने र अन्य भैपरी आउने काम गर्ने,

(ड) लेखापरीक्षकले देखाएको कैफियत तथा बेरुजु असुली गर्ने तथा नियमित गर्ने-गराउने,

(ढ) संस्थाको तर्फबाट चल-अचल सम्पत्ति खरिद-बिक्री गर्ने,

(ण) संस्थाको हिसाबकिताब सदस्यहरूले कार्यालय समयभित्र हेर्न चाहेमा देखाउने,

(त) संस्थाको कार्यक्रम सुचारु रूपले सञ्चालन गर्न, गराउन आवश्यकता अनुसार विभिन्न उपसमिति र सल्लाहकार समिति गठन गर्ने,

(थ) सञ्चालक समितिले आफ्नो कुनै अधिकार प्रयोग गर्ने गरी अध्यक्ष वा प्रमुख कार्यकारी अधिकृत वा उपसमितिलाई तोक्न सक्ने छ,

(द) संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैको विरुद्ध यस्तो हकदाबीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा दाबी परित्याग गर्ने गराउने,

(ध) संस्थाको बाँकी बक्यौता ऐन, नियमावलीअनुसार गरी असुली गर्ने-गराउने,

(न) ऐन, नियमावली र विनियमअनुसार अन्य आवश्यक कार्यहरू गर्ने,

(प) संस्थाको उद्देश्य तथा कार्यअनुरूप संस्थाको हितमा उद्यमी व्यक्ति, उद्योग, सङ्घ, संस्था, नेपाल सरकार वा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग मिली संयुक्त लगानीमा उद्योग व्यवसाय आदि सञ्चालन गर्न आवश्यक निर्णय गर्ने । *

फ) ऐन,नियमले तोकेको अन्य कार्यहरु गर्ने गराउने । #

३०. **अध्यक्षको काम, कर्तव्य र अधिकार**

अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ–

(क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने,

(ख) संस्थाको स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र समितिका निर्णयहरू कार्यान्वयन गर्ने-गराउने,

(ग) संस्थाको काम कारबाही उपर प्रमुख कार्यकारी अधिकृतलाई आवश्यकता अनुसार निर्देशन दिने,

---

* दशौं साधारण सभाद्धारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

# १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

(घ) संस्थाको उद्देश्य प्राप्तिको लागि आइपरेका जरुरी कार्यको सिलसिलामा समितिको बैठक नबसेको अवस्थामा तत्काल समितिको तर्फबाट निर्णय गर्ने र तत्पश्चात् बस्ने समितिको बैठकमा पेस गरी अनुमोदन गराउने,

(ङ) संस्थालाई आत्मनिर्भर र स्वचालित बनाउनका लागि नयाँ सम्भाव्य कार्यक्रम र आम्दानी हुने स्रोतको खोजी तथा मौजुदा साधनको परिचालनका लागि क्रियाशील रहने,

(च) प्रमुख कार्यकारी अधिकृतलाई साधारण सभा र सञ्चालक समितिको बैठक बोलाउन आदेश दिने,

(छ) संस्थाको चल-अचल सम्पत्तिको रेखदेख, संरक्षण, नियन्त्रण गर्ने-गराउने,

(ज) सञ्चालक समितिको निर्णय प्रमाणित गर्ने,

(झ) संस्थाको कुनै कारबाहीका सम्बन्धमा आवश्यकताअनुसार जाँचबुझ एवं निरीक्षण गर्ने-गराउने तथा आवश्यक निर्देशन दिने,

(ञ) ऐन, नियमावली एवं विनियमबमोजिम संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यकीय अन्य विविध कार्यहरू गर्ने ।

३१. **उपसमितिको गठन**

१. संस्थाको कार्यसम्पादनलाई सरल र प्रभावकारी बनाउन समितिले आवश्यकताअनुसार समयसमयमा विभिन्न उपसमिति तथा विशेष समिति गठन गर्न सक्ने छ ।

२. उपविनियम (१) मा गठित उपसमितिमा विषय विशेषज्ञ र व्यावहारिक ज्ञान भएका व्यक्तिहरू रहने छन् ।

३. उपविनियम (१) बमोजिम गठित उपसमितिको कार्यावधि, काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरेबमोजिम हुने छ ।

४. विशेष कामका लागि गठित उपसमितिले निर्धारित समयमा कार्य सम्पन्न गरी समितिसमक्ष प्रतिवेदन दिनुपर्ने छ ।

## परिच्छेद–८

## लेखा सुपरिवेक्षण समिति *

३२. **लेखा सुपरिवेक्षण समितिको गठन***

१. संस्थाको आन्तरिक लेखापरीक्षण गरी लेखा अद्यावधिक गराउन तथा संस्थाको चल-अचल सम्पत्ति र कार्यको नियमित निरीक्षण गरी सिफारिससहित प्रतिवेदन पेस गर्न एक जना संयोजकसहित ३ जनाको सदस्य भएको एक लेखा सुपरिवेक्षण समितिको व्यवस्था गरिने छ । *

२. लेखा सुपरिवेक्षण समितिको संयोजक र दुई जना सदस्यको निर्वाचन शेयर सदस्य मध्येबाट साधारण सभाले विनियम २५ को प्रक्रिया अनुरूप गर्नेछ । *

३. खारेज । **

४. लेखा सुपरिवेक्षण समितिको सदस्यमा निर्वाचित तथा मनोनीत हुन विनियमको २६ को अवस्था नभएको र पदमा बहाल रहनको लागि विनियमको २७ को अवस्था नभएको हुनुपर्नेछ । *

५. विनियम २४ को उपविनियम ५ र ६ लेखा सुपरिवेक्षण समितिको हकमा पनि लागू हुनेछ*

६. लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्यहरू सञ्चालक समितिका सदस्यसरह हुनेछ ।*

७. निर्वाचित लेखा सुपरिवेक्षण समितिको पदावधी ४ (चार) वर्षको हुनेछ **

---

* छैठौं साधारण सभाद्धारा संशोधित

** सातौं साधारण सभाद्धारा संशोधित

(८) एउटै परिवारको एक भन्दा बढी व्यक्ति एकै अबधिमा संस्थाको संचालक वा लेखा सुपरिबेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदबार बन्न र निर्वाचित हुन सक्ने छैन । ##

(९) लेखा सुपरिबेक्षण समितिको संयोजक वा सदस्य संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन । ##

३३. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार***

लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ–*

१. संस्थाको स्रेस्ता तथा लेखाको आवधिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने ।
२. आन्तरिक लेखापरीक्षणबाट देखिएको अनियमितता, बेरुजू र कैफियतलाई सुधार गर्ने-गराउने ।
३. संस्थाको केन्द्रीय कार्यालय, शाखा, उपशाखाको नियमित निरीक्षण गरी सोको प्रतिवेदन राय सिफारिससहित सञ्चालक समितिमा पेस गर्ने ।
४. संस्थाको चल-अचल सम्पत्तिको नियमित निरीक्षण गरी अभिलेख अद्यावधिक गर्ने ।
५. निरीक्षणका अवसरमा देखिएका कैफियतहरू सुधार भए-नभएको अनुगमन गर्ने ।
६. अन्तिम लेखापरीक्षणबाट देखाइएका कैफियत सुधार भए-नभएको अनुगमन गर्ने ।
७. संस्थाले पाउनुपर्ने रकम, पेस्की रकम र बेरुजू रकम असुलउपर गर्ने-गराउने ।
८. निरीक्षण तथा लेखासम्बन्धी प्रतिवेदन सिफारिससहित साधारण सभामा पेस गर्ने ।
९. साधारण सभाले दिएको अन्य निर्देशन निर्णयको पालना गर्ने ।
१०. ऐन, नियमले तोकेको अन्य कार्य गर्ने गराउने । ##

## परिच्छेद–९
## व्यवस्थापन

३४. **कर्मचारी सम्बन्धी व्यवस्था**

१. संस्थाको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको नियुक्ति समावेशी सिद्धान्तलाई समेत ध्यान दिई कर्मचारी प्रशासन नियमावलिको अधिनमा रहि गरिनेछ । #
२. उपविनियम (१) बमोजिम नियुक्त कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्था संस्थाको कर्मचारी प्रशासन नियमावलिमा व्यवस्था भए बमोजिम हुनेछ । #

३५. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धि व्यवस्था :**

१. संस्थाको दैनिक प्रशासन सञ्चालन गर्न समितिले उपविनियम (२) बमोजिमको उपसमितिको सिफारिसमा एक प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्न सक्नेछ । #
२. प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि सिफारिस गर्न समितिले देहाय बमोजिमको एक उपसमिति गठन गर्नेछ :#

क) संचालक समितिको अध्यक्ष वा निजले तोकेको संचालक - अध्यक्ष ##

ख) प्रतिनिधि, लोक सेवा आयोग (कम्तीमा रा.प. द्धितीय श्रेणी) - सदस्य ##

ग) प्रतिनिधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (कम्तीमा रा.प. द्धितीय श्रेणी) -सदस्य ##

घ) समितिले तोकेको पदपुर्तिसंग सम्बन्धित मानव संशाधन विज्ञ - सदस्य ##

ङ) प्रशासन प्रमुख - सदस्य सचिव ##

---

* छैंठो साधारण सभाद्धारा संशोधित

# दशौं साधारण सभाद्धारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

## १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

३. उपविनियम (२) बमोजिम उपसमितिको काम, कर्तव्य, अधिकार र सुविधा तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ। #

४. उपविनियम (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको योग्यता, नियुक्ति तथा सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्था संस्थाको कर्मचारी प्रशासन नियमावलिमा व्यवस्था भए बमोजिम हुनेछ। #

५. उपविनियम (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नभए सम्म समितिले तोकेको संस्थाको नायव प्रमुख कार्यकारी अधिकृत वा सो सरहको वरिष्ठ अधिकृतले प्रमुख कार्यकारी अधिकृत भई कार्य सम्पादन गर्नेछ। #

३६. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार**

प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ-

(क) समितिको सामान्य नियन्त्रणमा रही संस्थाको कार्यक्रम तथा व्यवसाय सञ्चालन गर्ने,

(ख) साधारण सभा वा सञ्चालक समितिको सदस्य सचिवका रूपमा काम गर्ने एवं अध्यक्षको स्वीकृति लिई बैठक बोलाउने,

(ग) साधारण सभा तथा सञ्चालक समितिबाट भएका कारबाही र निर्णयहरूसम्बन्धी अभिलेख विनियमबमोजिम प्रमाणित गराई छुट्टाछुट्टै राख्ने,

(घ) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सञ्चालक समितिमा पेस गर्ने, स्वीकृत नीति वा कार्यक्रमहरू तथा सञ्चालक समिति वा साधारण सभाका निर्णयहरूको कार्यान्वयन गर्ने,

(ङ) संस्थाको तर्फबाट नगद, कागजात वा सेक्युरिटीहरू जिम्मा लिई तिनको उचित सुरक्षाको प्रबन्ध मिलाउने,

(च) संस्थाको हरहिसाबको लेखा ठीक र सही तरिकाले राख्ने तथा राख्न लगाउने र आर्थिक विवरणहरू प्रमाणित गर्ने,

(छ) बक्यौताको विवरण सञ्चालक समितिमा पेस गरी निर्णयबमोजिम कार्यान्वयन गर्ने,

(ज) संस्थाको सम्पत्ति, दायित्व र आवश्यक विवरणहरू सञ्चालक समितिको बैठकमा पेस गर्ने,

(झ) हिसाब जाँच तथा निरीक्षणमा देखाएका त्रुटिहरू समयमा नै अनिवार्य रूपले सुधार गर्ने-गराउने,

(ञ) संस्थाको कारोबार र कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकाय तथा व्यक्तिहरूसँग सम्बन्ध राख्ने,

(ट) सञ्चालक समितिबाट प्राप्त अधिकारको आधारमा संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाका तर्फबाट कानुनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैको विरुद्ध यस्तो हकदाबीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा दाबी परित्याग गर्ने,

(ठ) बजेटको परिधिभित्र रही खर्च गर्ने,

(ड) संस्थाको आर्थिक कारोबार तथा बैङ्क खाता सञ्चालन गर्ने तथा आर्थिक कारोबारसम्बन्धी आवश्यक पर्ने बिल, भर्पाइ-कागजातहरू प्रमाणित गर्ने,

(ढ) सञ्चालक समितिको निर्णयअनुसार वा समितिले तोकिदिएका कुराहरूमा संस्थाको तर्फबाट सम्झौतापत्र वा कागजातहरूमा सही गर्ने,

# दशौं साधारण सभाद्वारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

(ण) संस्थाका कर्मचारीहरूको कार्यविभाजन, अधिकार र कर्तव्यको निर्धारण गर्ने तथा कर्मचारीहरूको नियन्त्रण गर्ने तथा स्वीकृत कर्मचारी प्रशासन नियम तथा दिग्दर्शनको अधीनमा रही नियुक्ति, सरुवा, बढुवा, सजाय, निलम्बन, पुरस्कार आदिसम्बन्धी निर्णय गर्ने वा त्यस्तो निर्णयका लागि सिफारिस गर्ने,

(त) आफूमा निहित अधिकार आफूमातहतका कर्मचारीहरूमा प्रत्यायोजित गर्ने,

(थ) ऐन, नियमावली एवं विनियममा भएको व्यवस्था तथा साधारण सभा र समितिका निर्णयहरूको परिधिभित्र रही संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारु रूपले सञ्चालन गर्न आवश्यक हुन आउने अन्य कामहरू गर्ने ।

## परिच्छेद– १०
## वित्तीय व्यवस्था

३७. **बचत वितरण**

१. प्रत्येक आर्थिक वर्षमा संस्थाको लेखापरीक्षणपश्चात् आर्थिक खुद नाफा रकमको कम्तीमा २५ प्रतिशत रकम जगेडा कोषमा राखिने छ ।

२. उपविनियम (१) बमोजिम जगेडा कोष छुट्ट्याई बाँकी रहने रकमलाई शतप्रतिशत मानी निम्निलिखित कोषहरूको व्यवस्था गरिने छ–

(क) शेयर लाभांश कोष,

(ख) संरक्षक पुँजी कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) कर्मचारी कल्याण कोष,

(ङ) सहकारी शिक्षा कोष,

(च) घाटापूर्ति कोष,

(छ) डुबन्ते ऋण कोष,

(ज) सहकारी विकास कोष ।

३. उपविनियम (२) बमोजिम खडा गरिने कोषहरूमा जम्मा हुने रकमको हद समयसमयमा समितिले तोकिदिएबमोजिम हुने छ ।

४. उपविनियम (२) बमोजिम खडा गरिएको कोषको रकम छुट्टाछुट्टै खातामा राख्नुपर्ने छ र त्यस्तो कोषको सञ्चालन समितिले तोकि दिएबमोजिम हुने छ ।

५. उपविनियम २ (क) को कोषबाट ऐन प्रतिकूल नहुने गरी साधारण सभाले तोकेबमोजिम लाभांश वितरण गरिने छ र लाभांश वितरण गरी बाँकी हुन आएको रकम जगेडा कोषमा जम्मा गरिने छ ।

६. कर्मचारी बोनस कोषबाट समितिको निर्णयानुसार कर्मचारीहरूलाई बोनस वितरण गरिने छ र यसरी बोनास वितरणपश्चात् कुनै रकम बाँकी हुन आएमा सो रकम कर्मचारी कल्याण कोषमा जम्मा गरिने छ ।

७. कर्मचारी कल्याण कोषको सञ्चालन समितिले बनाएको नियमको अधीनमा रही सञ्चालक प्रतिनिधिको संयोजकत्वमा प्रमुख कार्यकारी अधिकृत र कर्मचारी प्रतिनिधिसमेत सदस्य भएको समितिले गर्ने छ ।

(८) अन्य कोष सम्बन्धी व्यबस्था #

अ) संरक्षीत पुँजी फिर्ता कोष #

आ) सहकारी प्रबर्धन कोष #

इ) अन्य कोष #

(९) बिनियम (३७) मा उल्लेखित कोषहरु ऐनको अधिनमा रही संचालक समितिले तोकिदिए बमोजिम संचालन हुनेछ । #

३८. **कोषको सुरक्षा**

संस्थाको कोष समितिले निर्धारण गरेबमोजिमको व्यक्तिको जिम्मा रहने छ । कोषको रकममध्ये समितिको निर्णयबाट स्वीकृति भएको हदसम्मको रकम कार्यसञ्चालनका लागि रहने र बाँकी रकम संस्थाको नाममा बैङ्कमा खाता खोली संस्थाले तोकेका व्यक्तिहरूको हस्ताक्षरबाट सञ्चालन हुने गरी राख्नुपर्दछ ।

३९. **कोषको उपयोग**

कोषको उपयोग साधारण सभाको मार्गदर्शनको अधीनमा रही समितिले गरेको निर्णयबमोजिम गरिने छ । सामान्तया कोषको उपयोग निम्न कार्यहरूमा गरिने छ–

(क) स्वीकृत योजनाअनुसारका कार्यक्रम वा व्यवसाय सञ्चालन गर्न,

(ख) स्वीकृत योजनाहरूको कार्यसञ्चालनका लागि आवश्यक पर्ने स्थायी सामग्री खरिद गर्न ।

४०. **वार्षिक हिसाब जाँच**

१. संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गर्नको लागि महालेखा परीक्षकसंग परामर्श गरी लेखापरीक्षक नियुक्त गर्नेछ । #

२. उपबिनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र ऐनको अधिनमा रही लेखापरीक्षण गर्नुपर्नेछ । #

३. उपबिनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकले लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तका सम्बन्धमा महालेखा परीक्षकले दिएको निर्देशन पालना गर्नुपर्नेछ । #

४. लेखापरीक्षण प्रतिवेदन साधारण सभामा पेस गरी अनुमोदन गराउनुपर्ने छ । #

५. उपविनियम (४) बमोजिम साधारण सभामा लेखा परीक्षण प्रतिवेदन पेस हुँदा साधारण सभाले अनुमोदन नगरेमा साधारण सभाले अर्को लेखा परीक्षक नियुक्त गरी जाँचबुझ वा पुनः लेखा परीक्षण गराउन सक्ने छ । #

६. लेखा परीक्षकको पारिश्रमिक र सुविधा साधारण सभाले तोके बमोजिम हुने छ । #

---

# १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

४१. **संस्थाले राख्ने बहीखाता र हिसाबहरू**

संस्थाले कार्यसञ्चालनको सिलसिलामा आवश्यक पर्ने बहीखाता र हिसाबहरू राख्ने छ । तर कम्तीमा पनि देहायबमोजिमका बहीखाता र किताबहरू संस्थामा अनिवार्य रूपमा हुनुपर्ने छ–

(क) सहकारी नियमावली, २०४९ को अनुसूची ४ बमोजिम सदस्य दर्ता किताब,
(ख) शेयर दर्ता रजिस्टर,
(ग) आयव्यय रजिस्टर,
(घ) तालिम रजिस्टर,
(ङ) व्यक्तिगत तथा संस्थाको ऋण खाता,
(च) सम्पत्ति दर्ता खाता,
(छ) जिन्सी खाता,
(ज) आम्दानी, खर्च सम्पत्ति र दायित्वसम्बन्धी अलगअलग खाताहरू,
(झ) विभिन्न सभा, समिति तथा उपसमितिहरूको बैठक रजिस्टर,
(ञ) संस्थाको अन्य संस्थाहरूसँगको कारोबार रजिस्टर,
(ट) सामाजिक सामूहिक कार्यक्रम सञ्चालन रजिस्टर,
(ठ) नगद खाता,
(ड) बैठक सम्परीक्षण खाता,
(ढ) भुक्तानी रजिस्टर,
(ण) बेरुजू एवं सम्परीक्षण खाता,
(त) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरू, सल्लाहकारहरू र लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरूको नाम, ठेगाना र कार्यावधिसमेत देखिने लगत, *
(थ) नियमावलीअनुसार तोकिएका अन्य खाताहरू ।

## परिच्छेद– ११

४२. **निर्वाचन**

१. विनियमबमोजिम निर्वाचन हुने पदहरूको निर्वाचन साधारण सभाबाट स्वीकृत निर्वाचन निर्देशिका बमोजिम गराइने छ ।
२. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको कार्यअवधि समाप्त हुनुअगावै नयाँ समितिको निर्वाचन गरिने छ वा गराइने छ । *

४३. **मध्यस्थता**

यस विनियमबमोजिम गरेको कुनै कामकारबाहीमा केही विवाद उठी उक्त विवाद सञ्चालक समिति वा साधारण सभाद्वारा समाधान हुन नसकेमा त्यसको मध्यस्थता गर्न त्यस्ता विवाद रजिस्ट्रारसमक्ष पेस गरिने छ । रजिस्ट्रारले मध्यस्थता सम्बन्धी कानुनको प्रक्रिया पूरा गरी विवाद सुल्झाउने छ । यस्तो अवस्थामा मध्यस्थकर्ताको निर्णय अन्तिम हुनेछ ।

---

* छैंठो साधारण सभाद्वारा संशोधित

४४. **विनियम संशोधन**

१. यस विनियममा लेखिएका कुनै कुराहरू संशोधन गर्नुपरेमा संस्थाको कुल सदस्यसङ्ख्याको बहुमतको निर्णयबाट गरिने छ। ##

२. उपविनियम (१) बमोजिम संशोधनका लागि निर्णय भएको प्रस्ताव रजिस्ट्रारसमक्ष स्वीकृतिका लागि पठाइने छ। संशोधित विनियम सहकारी ऐन, २०७४ को दफा २९ को उपदफा २ बमोजिम स्वीकृत भएपछि मात्र लागु हुनेछ। ##

४५. **संस्थाको विघटन**

१. संस्थाले बिनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा वा संस्थाको हित गर्न नसक्ने भएमा ऐनको अधिनमा रही संस्थाको कुल सदस्यसङ्ख्याको बहुमतले संस्था विघटन गर्ने निर्णय गर्न सक्ने छ। ##

२. उपविनियम (१) बमोजिमको निर्णयसहितको निवेदन प्राप्त भएपछि रजिस्ट्रार वा निजबाट अधिकारप्राप्त व्यक्तिले संस्थाको दर्ता खारेज गरी ऐनको दफा ८९ अनुरूप लिक्विडेटर नियुक्त गर्ने छ। ##

## परिच्छेद– १२
## विविध

४६. **बदर नहुने**

कुनै सञ्चालकको निर्वाचन, साधारण सभाको निर्णय वा कुनै नियुक्तिका सम्बन्धमा ऐन, नियमावली र विनियम अन्तर्गतको कुनै व्यवस्था पालन भएको छैन भनी पछि प्रमाणित हुन आएमा त्यसरी प्रमाणित हुनुअगावै भएगरेको कारबाही सो कुराले मात्र बदर हुने छैन।

(क) **नेपाल सरकारसंगको समन्वयमा संस्थाले कार्य गर्ने** :

संस्थाले सञ्चालन गर्ने सार्वजनिक यातायातलाई व्यवस्थित रुपमा सञ्चालन गर्दा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र सहकारी तथा गरिवी निवारण मन्त्रलायसंग समन्वय गर्नेछ। #

(ख) **राजीनामा सम्बन्धि विशेष व्यवस्था** :

१) समितिका सदस्यले अध्यक्ष समक्ष र अध्यक्षले समिति मार्फत साधारण सभा समक्ष राजिनामा दिन सक्नेछ। #

२) उपविनियम (१) बमोजिम राजीनामा पेश हुन आएमा सदस्यको राजीनामा अध्यक्षले र अध्यक्षको राजीनामा साधारण सभाको बहुमतको निर्णयबाट स्विकृत गर्न सक्नेछ। त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ। #

३) लेखा सुपरिवेक्षण समितिका सदस्यले संयोजक समक्ष र संयोजकले साधारण सभा समक्ष राजीनामा दिन सक्नेछ। #

४) उपविनियम (३) बमोजिम राजीनामा पेश हुन आएका सदस्यको राजीनामा संयोजकले र संयोजकको राजीनामा साधारण सभाबाट बहुमतबाट स्विकृत गर्न सक्नेछ। त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ। #

---

# दशौं साधारण सभाद्धारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

## १३औं साधारण सभाद्धारा पारित भई मिति २०७७/११/१८ मा रजिष्ट्रारबाट स्विकृत

(ग) **अविश्वास प्रस्ताव पेश गर्न सकिने** :

१) संस्थाको साधारण सभाको कम्तीमा पांच प्रतिशत सदस्यले अध्यक्ष, उपाध्यक्ष वा कुनै सञ्चालक हटाउन उपयुक्त छ भनि कारण खोलि साधारण सभा समक्ष अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । #

२) उपविनियम (१) बमोजिम पेश भएको प्रस्ताव साधारण सभाको बहुमतबाट पारित भएमा त्यस्तो अध्यक्ष, उपाध्यक्ष वा सञ्चालक आफ्नो पदबाट मुक्त हुनेछ । #

४७. **शपथग्रहण**

संस्थाको विनियमबमोजिम सञ्चालक समितिका निर्वाचित सदस्यहरू र निर्वाचित लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरूले निर्वाचन अधिकृतसमक्ष अनुसूचि ३ मा उल्लेख भएबमोजिमको सपथ ग्रहण गर्नु पर्ने छ । *

४८. **बदर हुने**

यस विनियममा उल्लेख नभएका कुराहरूको सम्बन्धमा प्रचलित कानुनअनुसार हुने छ । यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरू सहकारी ऐन, नियमसँग बाझिन गएमा बाझिएको हदसम्म स्वत: बदर हुने छ ।

४९. **व्याख्या गर्ने अधिकार**

१. यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुने छ ।

२. उपविनियम (१) बमोजिम गरिएको व्याख्याबाट कुनै सदस्यलाई मर्का पर्न गएमा सोको विरुद्ध रजिस्ट्रार समक्ष उजुरी गर्न सकिने छ र सो सम्बन्धमा रजिस्ट्रारबाट भएको निर्णय सबै पक्षले मान्नुपर्दछ ।

५०. **खारेजी र बचाउ**

१. साझा यातायात सहकारी संस्था लि. को विनियम, २०४६ खारेज गरिएको छ ।

२. साझा यातायात सहकारी संस्था लि. को विनियम २०४६ अन्तर्गत भएका कामकारबाहीहरू यसै विनियमबमोजिम भएको मानिने छ र सोबमोजिम गठित सञ्चालकहरू तथा पदेन अध्यक्षद्वारा भएका कामकारबाहीहरू यो विनियमबमोजिम सञ्चालक समिति गठन नभएसम्मका लागि यसै विनियम तथा प्रचलित कानुनबमोजिम भए गरेको मानिने छ ।

---

* छैठो साधारण सभाद्धारा संशोधित

# दशौं साधारण सभाद्धारा पारित भई मिति २०७६/०४/०६ मा रजिष्ट्रारबाट स्विकृत

## अनुसूची–१
## (विनियम ७ को उपविनियम २ सँग सम्बन्धित)

संस्थाको छाप :

संस्थाको सङ्केत चिह्न बसको टायरको बीचमा गोलाकारमा माथिल्लो भागमा साझा यातायात र तल्लो भागमा काठमाडौँ लेखिएको बीचमा गोलाकार दुईओटा सर्कलका बीचमा नेपालको नक्सा अङ्कित भएको निम्न नमुना बमोजिमको संस्थाको छाप हुने छ ।

## अनुसूची–२
## (विनियम १६ सँग सम्बन्धित)

साझा यातायात सहकारी संस्था लिमिटेड

(सहकारी संस्था ऐन २०१६ अनुसार स्थापित)

शेयरको प्रमाणपत्र

साझा यातायात सहकारी संस्था लिमिटेडको विनियम अनुसार शेयर सङ्ख्या ……………..देखि……………… सम्मको प्रतिशेयर रु. १०० ।- (एक सय रुपियाँ) दरको शेयर कित्ता……………………… जम्मा रु. ………………………… श्री ……………………………………………………………को ……………………… पत्नी/छोरा/छोरी ………………………………………………… बस्ने श्री/श्रीमती ……………………………………… को नाममा दर्ता गरिएको प्रमाणित गर्दछौँ ।

| | | |
|---|---|---|
| …………………………… | …………………………… | …………………………… |
| (संस्थाप्रमुख) | (सञ्चालक) | (अध्यक्ष) |
| सञ्चालक | | समिति |

मिति………………………

नोट– (साझा यातायातको स्वीकृति लिएर मात्रै शेयरको हस्तान्तरण मान्य हुने छ)

दाखिला खारिज भएको याददास्त

## अनुसूची–३
## (विनियम ४७ सँग सम्बन्धित)प

शपथग्रहण

म (शपथकर्ताको नाम) यो प्रतिज्ञा गर्दछु कि मेरो सामर्थ्यले भ्याएसम्म सदस्यको नाताले सबै काम तथा बैठकहरूमा नियमित रूपले भाग लिने छु तथा संस्थाको गोपनीयता कायम गर्दै संस्थाको विकास र सदस्यको हितका लागि इमानदारी तथा पवित्र हृदयले पक्षपातरहित तरिकाबाट निर्णय लिने छु ।